# अनुसूची - २

( दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित )

## भीरकोट राजपत्र

# भीरकोट नगरपालिकाद्धारा प्रकाशित

खण्ड १ संख्या ७ मितिः २०७५/०३/२१

### भाग-१

### भीरकोट नगरपालिका

## भीरकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**नगर सभाबाट स्वीकृत मितिः २०७५/०३/२१**

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम भीरकोट नगर सभाले यो ऐन जारी गरेको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यो ऐनको नाम भीरकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन भीरकोट नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषाः** (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

भीरकोट नगरपालिका

(क) “ऐन” भन्नाले भीरकोट नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले भीरकोट नगर कार्यपालिका सम्झनु पर्दछ।

(ग) “नगरपालिका” भन्नाले भीरकोट नगरपालिका सम्झनु पर्दछ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्दछ ।

(च) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

**३. नियम बनाउने अधिकारः** (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः** (१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागू गर्न सक्नेछ ।

आज्ञाले,
नामः धर्म राज ढुंगाना
प्रमुख प्रशासकिय अधिकृत

भीरकोट नगरपालिका